BEST FINANCE COMPANY LTD.
बेष्ट फाइनान्स कम्पनी लि.
BFC

# BEST e-BANKING APPLICATION FORM

(इन्टरनेट बैंकिङ्ग सुविधाको लागि आवेदन फारम)

The Manager (श्री प्रबन्धक ज्यू)
Best Finance Company Ltd. ( बेष्ट फाइनान्स कम्पनी लि. )
............................Branch (शाखा) Date मिति:.............................................

Dear Sir (महोदय),

I/We hereby apply for Best Finance Company Ltd.e-Banking facility to enable me/us to avail user access to my/our account(s) with you and carry out transactions through the use of Internet. In consideration of you providing me/us with this facility, I/We hereby agree to be bound by the terms and conditions stated overleaf, which I/We have read and understood.म/हामी बेष्ट फाइनान्स कम्पनी लि.को ई- बैंकिङ्ग सुविधा इन्टरनेट प्रयोग गरी यस फाइनान्समा रहेको मेरो/हाम्रो खाताको उपयोग तथा कारोबार संचालन गर्नका लागि आवेदन गर्दछु/गर्दछौं । म/हामी यसै निवेदनमा उल्लेख भएको शर्त तथा बन्देजहरु परिपालना गर्न मन्जुर गर्दछु/गर्दछौं र म/हामीले यी शर्तहरु पढी बुझेको छु/छौं ।

My/Our account details are as follows मेरो/हाम्रो खाताको विवरण :

Full Name (पुरा नाम) (देवनागरीमा) : :श्रीमान/श्रीमती/सुश्री ........................................................................................................................................

Name in Capital Letter : : | | | | | | | | | | | | | | | | | | | | | | |

Address (ठेगाना) : :.........................................................................................................................

E-mail (ईमेल): :..............................................................................................................

Telephone Number (टेलिफोन नं): :..............................................................................................................

Mobile Number (मोबाइल नं.) : | | | | | | | | | | |

Accounts to be linked:
(खाता लिंक गर्नु पर्ने भएमा) :

| S.N( क.सं.) | Account Number (खाता नं.) | Account Title ( खाताको शिर्षक) |
|---|---|---|
| | | |
| | | |

Please Tick (कृपया ठिक चिन्ह (√) लगाउनुहोस) :

Services (सेवाहरु): ☐ Account Information (खाताको जानकारी )
☐ Account Statement (खाताको विवरण )

Your's sincerely (भवदीय),

Applicant's Signature(s) ........................................................... ......................................................
(निवेदकको हस्ताक्षर)

---

I/We acknowledge receipt of User Name and Password of Best Finance Company Ltd.e-Banking Facility.म/हामीले बेष्ट फाइनान्स कम्पनी लि.को ई- बैंकिङ्ग सेवाको प्रयोगकर्ताको नाम र संकेत नम्बर (पासवर्ड) बुझि लिए/लियौं ।

Signature - (दस्तखत): ....................................................... Date मिति: .........................................................

---

**FOR OFFICE USE ONLY (कार्यालय प्रयोजनको लागि मात्र)**

आवेदन प्राप्त मिति :
(ApplicationReceived on) | | | | | | | | |

Varified By (प्रमाणित गर्ने):................................................. Approved By ( स्वीकृत गर्ने) :..............................................
Name(नाम) :.................................................................... Name(नाम) :......................................................................

Recomemended By (सिफारिस गर्ने): ..................................... Date मिति: .........................................................................
Name(नाम) :.........................................................................

## बेष्ट ई-बैंकिङ्ग सेवाको शर्त तथा नियमहरु

### १. सेवा प्रयोग सम्बन्धि नियमहरु :

१.१ संस्थासँग दर्ता भएका पयोगकर्ताका नाम (user name) र पासवोर्डको गोपनियता कायम गर्नुपर्ने जिम्मेवारी ग्राहकको हुनेछ ।

१.२ ग्राहक पहिचानका लागी संस्थाले प्रदान गरेको प्रयोगकर्ताको नाम (USER ID) र पासवोर्ड सम्बन्धि संस्थाले निवेदन फारममा वा अनलाइन रुपमा प्रदान गरेको निर्देशन ग्राहकले पुर्णरुपमा पालना गर्नु पर्नेछ ।

१.३ ग्राहकले जुनसुकै समय पासवोड परिवर्तन गर्न सक्नेछ तर प्रयागकर्ताको नाम भने परिवर्तन गर्न सकिने छैन । ग्राहकले संस्थाबाट नाम र पासवोर्ड प्राप्त गर्ने बित्तिकै तुरुन्त पासवोर्ड परिवर्तन गर्नु पर्नेछ ।

१.४ ग्राहकले कुनै गैर कानुनी माध्यमबाट बेष्ट इ-बैंकिङ्ग सेवा प्रयोग गर्ने प्रयास गर्न वा गर्न निर्देश दिनु हुने छैन।

१.५ ग्राहकले प्रयागकर्ताको नाम (user name)र पासवोर्ड हराएमा र बिर्सिएमा तत्काल संस्थालाइ जानकारी गराउनु पर्दछ ।

१.६ ई-बैंकिङ्ग सेवा कुनै परिस्थितिमा पनि ग्राहक बाहेक अन्य व्यक्तिहरुमा हस्तान्तरण हुन छैन । संस्थाले यी सेवाहरु पूर्ण रुपमा ग्राहकले मात्र प्रयोग गर्न अख्तियार प्रदान गरेका छ ।

१.७ संस्थाको कारोवार विवरण अभिलेखहरु नै ग्राहकले आधिकारिक अभिलेख र वाध्यात्मक अभिलेखका रुपमा स्वीकार गर्नु पर्दछ ।

१.८ यस सेवा मार्फत गरेको कार्यहरु नियमित र व्यवसाय प्रणाली अनुरुप उचित र व्यवहारिक हुन् भन्ने लागेमा संस्थाले ग्राहकको आदेश पालना गर्नेछ ।

१.९ ई-बैंकिङ्ग सेवाको प्रयोग प्रचलित कानुन तथा संस्थाको नीति अनुसार हुनेछ ।

१.१० संस्थाले समय समयमा सेवा उपलब्ध गराए बापत माग गरेका विवरण ग्राहकले उपलब्ध गराउनु पर्नेछ ।

१.११ संस्थाले प्राप्त गरेका सबै आदेशहरु आफ्नो स्वविवेकमा कार्यान्वयन गर्न सक्दछ र कुनै दायित्व बिना ग्राहक वा ग्राहकले दिएका आदेश कुनै पनि समय सुचना दिई वा नदिई रद्द गर्न वा कार्यान्वयन गर्न अस्वीकार गर्न सक्दछ ।

१.१२.संस्थाले कुनै पनि समय, सूचना वा कारण दिइ वा नदिइ ग्राहकले प्रयोग गरिरहेका सेवाहरु निलम्बन वा स्थगित गर्न सक्दछ ।

### २. दायित्व सम्बन्धि शर्तहरुः

२.१ ग्राहकले(इ बैकिङ्ग सेवा पयोगकर्ताले) तल उल्लेखित अवस्थामा संस्थाको कुनै पनि दायित्व नरहन मंजुर गर्दछु/छौः

२.१.१ उल्लेखित कुनै पनि शर्त तथा नियमहरु उल्लघंन गरेमा वा

२.१.२ कुनै पनि अनाधिकृत पहुँचबाट भएको गलत कारोवार पर्याप्त समय भित्र संस्थालाई जानकारी नगराएको खण्डमा भएको क्षतिमा

२.२ यदि प्राकृतिक प्रकोप, कानुनी अड्चन, दुरसंचार नेटवर्कका गल्तीरअसफलता लगायत, बिभिन्न कारणहरु वा संस्थाको काबु बाहिरका अन्य कारणहरुबाट सेवा उपलब्ध हुन नसकेमा वा कुनै पनि ई-बैंकिङ्गबाट दिएका आदेश कार्यान्वयन गर्न असफल र ढिलाई भएमा संस्था जवाफदेही रहने छैन ।

२.३ कुनै पनि computer/cyber अपराध जस्त ह्ृयाकिङ्ग आदि र कुनै अनाधिकृत कारोवार वा गैरकानुनी र जाली पद्धतीबाट गरिएका कारोवारबाट उत्पन्न हुने कुनै पनि जोखिम, शुल्क, क्षति प्रति संस्थाको कुनै दायित्व रहने छैन, सोबाट उत्पन्न हुने जोखिम र आर्थिक क्षति प्रति खातावाला स्वयम जिम्मेवार रहनेछ । साथै यसरी उत्पन्न हुने क्षति प्रति संस्थाले निर्णय गरे बमोजिमको क्षतिपूर्ती तिर्न ग्राहक बाध्य हुनेछ र यस्ता ग्राहकहरुको सेवा बन्द गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

२.४ यस सेवाबाट पठाइएको व्यक्तिगत वा कुनै अरु सन्देशहरुको गोपनियता वा सुरक्षाको जिम्मेवारी संस्थाले दिने छैन । सिस्टम तथा नेटवर्क वा त्यसका काम वा कार्यसम्पादनसँग सम्बन्धित वा यस सेवासँग सम्बन्धित ग्राहक वा कुनै अन्य व्यक्तिको कारण ग्राहकले कुनै क्षति वा नोक्सानी बेहोर्न परेमा संस्था जिम्मेवार रहने छैन ।

२.५ उल्लेखित तोकिएका शर्त तथा नियमहरु बाहेक, यस सेवासँग सम्बन्धित संचार संजाल र संस्थाको सिस्टममा कुनै प्रकारको गडवढि, बाधा उत्पन्न भएमा, सेवा अवरुद्द भएमा, निलम्वनमा परेमा जस्ता कुनै पनि कारणबाट उत्पन्न हुने क्षतिहरुको कारणले संस्थाले ग्राहकको अनुरोध प्राप्त गर्न वा कार्यान्वयन गर्नमा बाधा भएमा संस्था वा संस्थाको कर्मचारीहरु जिम्मेवार रहने छैनन ।

२.६ प्रयोगकर्ताका नाम तथा पासवोर्ड गोप्य राख्न ग्राहकको कर्तव्य हनेछ र प्रयोगकर्ताको नाम तथा पासवोर्ड प्रयोग गरी गरिएको कुनै पनि कारोवार गाहकको ज्ञान तथा सहमतीमा गरिएको मानिने छ । कुनैपनि रकम भिक्न र रकमान्तर गर्न भुक्तानी गर्न ग्राहकको खाता डेबिट गर्ने अख्तियार संस्थामा निहित रहने छ ।

२.७ बेष्ट इ-बैंकिङ्ग संचालनको लागि खातावालाहरुले आफ्नो खाता अरु कुन खातासँग लिङ्क (link) गर्न सहमति दिएमा सबै इ-बैंकिङ्गबाट गरिएका कारोवारको जिम्मेवारी स्वयम खातावालाले लिनुपर्ने छ ।

२.८ उल्लेखित अवस्थामा समेत संस्थाको कुनै पनि दायित्व रहने छैन :

२.९.१ कुनै प्राप्त आदेश असल नियतले पालना गर्दा

२.९.२ संस्थाले कुनै वा सबै आदेशहरुको पालना गर्दा गल्ती, असक्षम, विलम्ब वा असफल भएमा

२.९.३ जानकारी र आदेशहरु सम्बन्धित पक्षसम्म स्थानान्तरण र हस्तान्तरण हुनु अगावै हराएमा वा क्षति भएमा

२.९.४ कुनै जानकारी र ग्राहकले दिएको आदेशमा कुनै व्यक्तिको अनाधिकृत पँहुच भएमा वा गोपनियता भंग भएमा वा इमेलको अनाधिकृत पँहुच वा पयोग भएमा

### ३. यस सेवाका लागि ग्राह्यः

३.१ इ-बैंकिङ्ग सेवा नितान्त व्यक्तिगत तथा संस्थागत प्रयोजनको लागि मात्र प्रयोग गर्नु पर्ने छ ।

३.२ यस संस्थामा बचत, कल वा चल्ती खाता भएका ग्राहकहरु अथवा ग्राहकको खाता संचालन गर्नका लागि अख्तियार प्राप्त कुनै पनि व्यक्ति हुनेछ ।

३.३ यदि संयुक्त खाता भएमा, संयक्त खातावालाहरुले यस सेवा प्रयोग गर्नका लागी लिखित रुपमा अख्तियारी आज्ञापत्र/आदेश उपलब्ध गराउनु पर्दछ । यस्ता सेवा प्रयोगबाट भए गरेका कारोवारहरुको दायित्व संयुक्त खातावालाहरु एकल तथा संयुक्त रुपमा रहने छ ।

३.४. कुनै कारण खुलाई वा नखुलाई कुनै पनि ई-बैंकिङ्ग सेवाका आवेदन स्वीकार गर्न वा नगर्ने अधिकार संस्थामा निहित रहने छ ।

### ४. शुल्कहरुः

४.१ संस्थाले समय समयमा ग्राहकलाई लिखित जानकारी दिई वा नदिई इ-बैंकिङ्ग सेवामा लागु हुने वार्षिक सेवा शुल्क वा कारोवार शुल्क निर्धारण र परिवर्तन गर्न सक्दछ । ग्राहकले सम्बन्धित इ बैंकिङ्ग सेवाको प्रयोग कायम राखेमा, सो शुल्कहरु मंजुर गरेको सम्भन्नु पर्छ ।

४.२ संस्थाले समय समयमा निर्धारण गरे बमोजिमको शुल्क तथा दस्तुरहरु तथा अन्य दायित्व लगायत कानुनी शुल्क ग्राहकको खाताबाट कट्टी गर्ने अधिकार रहनेछ, सेवा प्रयोगकर्ताले सोसम्बँन्धि पूर्ण अख्तियारी संस्थालाई प्रदान गर्नेछ ।

### ५. क्षतिपुतिः

५.१ ग्राहक संस्थाले प्रदान गरेको इ-बैंकिङ्ग सेवाको सबै कारोवारको पूर्ण रुपमा जिम्मेवार रहने छ र सो का लागि जुनसुकै समय पनि बचनबद्ध रहने छ ।

५.२ ग्राहक यस सेवा तथा संस्थाले भविष्यमा उपलब्ध गराउने यस सेवासँग सम्बन्धित अरु कुनै सेवाहरुको शर्त तथा नियमहरु पालना गर्न मंजुर गर्नु पर्दछ ।

**६.** गाहकले इ-बैंकिङ्ग सेवा मार्फत भुक्तानी वा रकमान्तर गरिसकेपछि सो कारोवार बदर गरिने छैन । भुल बस कुनै कारोबार भएमा समेत रकम जम्मा भएका खातावालाबाट लिखित स्विकृती प्राप्त नभएमा कारोवार बदर वा रोक्का गरिने छैन ।

**७.** सेवा लिन नचाहेमा सेवा नविकरण गर्ने मितिको कम्तिमा एक महिना अगाडिनै लिखित जानकारी संस्थामा दिनुपर्ने छ, अन्यथा सेवा स्वतः नविकरण गरिने र सो वापतका शुल्क खाताबाट कट्टि गरिनेछ । उल्लेखित मितिसम्म सेवा नलिने सुचना नदिएमा खाताबाट खर्च गरी लिईएका शुल्क फिर्ता गरिनेछैन र शुल्क असुल गर्न पर्याप्त मौज्दात नभएमा सेवा नविकरण गरिने छैन ।

मितिः ........................................ .............................. ..................................

आवेदकको हस्ताक्षर